# बित्थडचिर गाउँपालिका

# बित्थडचिर गाउँपालिकाको केही कानून तर्जुमा र व्यवस्थापन गर्न वनेको ऐन, २०७५

प्रमाणिकरण मितिः २०७५/०३/१३

**प्रस्तावना :**

नेपालको संविधान, २०७२ को अनुसूची-८ मा स्थानीय तहलाई दिइएका अधिकारहरुको कार्यान्वयनका लागी संघीय तथा प्रादेशिक कानूनहरु व्यवस्थित भइनसकेको सन्दर्भमा बित्थडचिर गाउँपालिकामा केही आवश्यक कानून तर्जुमा गरी लागु गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) वमोजिम बित्थडचिर गाउँपालिकाको गाउँसभाले यो ऐन वनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "बित्थडचिर गाउँपालिकाको केही कानून तर्जुमा र व्यवस्थापन गर्न वनेको ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "गाउँसभा" भन्नाले बित्थडचिर गाउँपालिकाको गाउँसभा सम्झनु पर्छ ।

(ख) "गाउँपालिका" भन्नाले बित्थडचिर गाउँपालिका सम्झनु पर्छ ।

(ग) "गाउँकार्यपालिका" भन्नाले बित्थडचिर गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "केही आवश्यक कानून" भन्नाले गाउँपालिकावाट तर्जुमा हुने केही आवश्यक कानूनलाई सम्झनु पर्दछ ।

(ङ) "सभा" भन्नाले नेपालको संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

## <u>परिच्छेद २</u>

## आवश्यक कानून तर्जुमा सम्बन्धी व्यवस्था

**३. गाउँपालिकाले आवश्यक कानून तर्जुमा गर्न सक्ने :**

(१) नेपालको संविधानले स्थानीय तहलाई दिईएका अधिकारहरु कार्यान्वयनको सन्दर्भमा संघीय तथा प्रादेशिक कानूनहरु व्यवस्थित नहुँदा सम्म गाउँपालिकाले ती अधिकारहरु कार्यान्वयनका लागि आवश्यक कानून तर्जुमा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आवश्यक कानून तर्जुमा गर्दा ऐनको हकमा गाउँसभावाट र नियम, निर्देशिका,कार्यविधिको हकमा गाउँकार्यपालिकाले तर्जुमा गरी लागु गर्न सक्ने छ ।

**४ नियम, निर्देशिका, कार्यविधि तर्जुमा गर्न सक्ने :**

गाउँकार्यपालिकाले दफा ३(१) को मान्यतामा प्रतिकूल नहुने गरी संविधानद्वारा आफूलाई प्रदत्त अधिकारहरुको कार्यान्वयनका लागि आवश्यक नियम, निर्देशिका तथा कार्यविधि तर्जुमा गरी लागु गर्न सक्ने छ ।